मिति २०८१ भाद्र ०६ गते बिहिबार विहान ११:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब.२०८१/०८२ को दोश्रो बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्नानुसार छन् :

<u>निर्णय नं. १:</u>

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने ।

<u>निर्णय नं. २:</u>

क. राक्सिराङ्ग गाउँपालिका अन्तर्गतका वडा तथा स्वास्थ्य संस्थाको लागि देहाय अनुसारको निशुल्क प्राप्त हुन सम्बन्धित वडासमितिहरुबाट निर्णय भई प्रकृया पूरा गरि आएका तपशील अनुसारको जग्गा प्राप्तिका लागि स्वीकृती दिने ।

- राक्सिराङ्ग गाउँपालिका वडा नं २ स्थित सरिखेत स्वास्थ्य चौकीको भवन निर्माणका लागि जिल्ला मकवानपुर राक्सिराङ्ग गाउँपालिका वडा नं २ साविक कटुन्जे ९ को शान्त कुमारी दर्जीको नाममा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं १३२३ ज.रो ७-७-३-१ को पूर्व उत्तर तर्फबाट ज.रो ०-११-१-२.५ तथा कित्ता नं. १६८० ज.रो १७-१३-१-० को पश्चिम बीचतर्फबाट ज.रो १-१०-१-१.५ गरी जम्मा २-५-२-४ र ऐ.ऐ बस्ने दिपक नेपालीको नाममा दर्ता कायम रहेको कित्ता नं. १३२२ ज.रो २-०-०-० को बीचबाट ज.रो. ०-१०-०-३ क्षेत्रफल जग्गा समेत कुल क्षेत्रफल २-१५-३-३ जग्गा निजहरुको स्वामित्व रहेकोबाट निशुल्क रुपमा उपलब्ध गराउन मन्जुर गरेकाले सो जग्गा प्राप्ती स्वीकार गर्ने ।
- राक्सिराङ्ग गाउँपालिका ६ नं वडा कार्यालय भवन निर्माणका लागि जिल्ला मकवानपुर राक्सिराङ्ग गाउँपालिका वडा नं ६ साविक कोराक ४ को प्रताप सिं तामाङ्गको नाममा दर्ता कायम रहेको कित्ता नं. १६ ज.वि ०-४-१ को जग्गा निशुल्क रुपमा उपलब्ध गराउन मन्जुर गरेको हुँदा सो जग्गा प्राप्ती स्वीकार गर्ने ।
- राक्सिराङ्ग गाउँपालिका वडा नं ८ को भवन निर्माणका लागि जिल्ला मकवानपुर राक्सिराङ्ग गाउँपालिका वडा नं ८ साविक कांकडा गा.वि.स वडा नं ४ का दल बहादर तामाङ रुम्बाको नाममा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं १०६४ ज.रो २५-११-२-० मध्ये पश्चिमतर्फबाट ज.रो ५-०-०-० निशुल्क रुपमा उपलब्ध गराउन मन्जुर रहेको हुँदा सो जग्गा प्राप्ति स्वीकार गर्ने ।
- राक्सिराङ्ग गाउँपालिका वडा नं ९ को भवन निर्माणका लागि जिल्ला मकवानपुर राक्सिराङ्ग गाउँपालिका वडा नं ९ साविक खैराङ्ग गा.वि.स वडा नं २ का प्रेम कुमारी नगरकोटीको नाममा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं २६८ ज.रो ६-१३-२-३ मध्ये पश्चिमतर्फबाट ज.रो ५-०-०-० निशुल्क रुपमा उपलब्ध गराउन मन्जुर रहेको हुँदा सो जग्गा प्राप्ति स्वीकार गर्ने ।

दैव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३:

सम्मानित उच्च अदालत पाटन, हेटौंडा ईजालसबाट राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, ३ नं. वडा कार्यालय, तथा ३ नं. वडा अध्यक्षको नाउँमा जारी भएको १५ दिने सूचना मिति २०८१/०४/२३ मा तामेल भएको हुँदा रिट निवेदन नं. ०८०-WO-०११२ (रिट)का सम्बन्धमा लिखित जवाफ पेश गर्नको लागि कार्यपालिका सदस्य एवम ३ नं. वडा अध्यक्ष श्री उत्तम वाईबालाई अख्तियारी प्रदान गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश